彩の国 埼玉県

कोभिड-१९ संक्रमण

# (कोरोना संक्रमित) निदान गरिएमा...

# पहिला कोरोना संक्रमित व्यक्तिको रूपमा दर्ता गर्नुहोस्

नाम, ठेगाना या मोबाइल फोन नम्बर, जाँच गरिएको चिकित्सा संस्था (तलको कोड), चिकित्सा संस्थामा चिकित्सा उपचार प्राप्त गर्नुभएको देखाउने कागजातको फोटो, इत्यादि अनलाइन मार्फत दर्ता गर्नुहोस्।

[साइतामा प्रिफेक्चर कोरोना संक्रमित व्यक्ति दर्ता] द्वारा खोज्नुहोस्

https://www.pref.saitama.lg.jp/a0710/covid-19/youseisya-touroku.html

## दर्ता विवरण र सञ्चालन विधिहरूको बारेमा सोधपुछ

(संक्रमित व्यक्ति दर्ता बिभाग ९:००-१८:००)

# 0570-007-989

**दर्ताको गर्न आवश्यक छैन**

तलका अबस्थामा दर्ता गर्न आवश्यक छैन

(१) ६५ वर्ष वा सो भन्दा बढी उमेरका (जाँच गरेको दिनमा)

(२) अस्पताल भर्ना गर्न आवश्यक छ भनी डाक्टरले निर्णय गरेमा

(३) अवस्था बिग्रने जोखिम, साथै, नयाँ कोरोना उपचार औषधि पनि लिनु आवश्यक छ वा संक्रमणको कारण अक्सिजन लिन आवश्यक छ भनि डाक्टरले निर्णय गरेमा

(४) गर्भवती भएमा

## My HER-SYS मा आफ्नो स्वास्थ्य स्थिति भर्नुहोस्

सबैको स्वास्थ्य अवस्थाको डेटा व्यवस्थापन गर्नको लागि, संक्रामक रोग नियन्त्रण कानूनको धारा ४४ को ३, अनुच्छेद २ मा आधारित संक्रमित व्यक्ति जानकारी स्व-दर्ता प्रणाली "My HER-SYS" प्रयोग गरेर आफ्नो स्वास्थ्य स्थिति रिपोर्ट गर्नुहोस्।

## अस्वस्थ महसुस गर्नुभएमा, सकेसम्म छिटो सल्लाह गर्नुहोस्।

**संक्रमित व्यक्ति परामर्श बिभाग ०५७०-०८९-०८१ (२४ घण्टा)**

**सुन्न नसक्ने व्यक्तिहरूको लागि FAX ०४८-६४३-७१०७** (होम केयर सपोर्ट सेन्टर २४ घण्टा)

दर्ता नगरिएका व्यक्तिहरूले, शारीरिक अवस्था बिग्रदा प्रयोग गर्न सकिने आपातकालीन फोन नम्बर हो।

सकभर छिटो संक्रमित व्यक्ति दर्ता गरि, **होम केयर सपोर्ट सेन्टरको प्रत्यक्ष सम्पर्क नम्बर (नर्सहरू द्वारा दर्ताकर्ताहरूको लागि मात्र हेरिने, २४ - घण्टा)** जानकारी राख्नुहोस।

## जाँच गरिएको चिकित्सा संस्था

(医療機関の方へ　予め記入の上でお渡しください。埼玉県外の医療機関は、コードを0000000としてください)

| चिकित्सा संस्था कोड | | स्थान/संस्थाको नाम | |
|---|---|---|---|
| ７ケタの数字（10ケタある場合は後ろの７ケタ） | | 市町村と名称 | |

# कोभिड-१९ संक्रमण परिक्षण पछिको तालिका

## संक्रमित नभएमा

अबका दिनमा आधारभूत संक्रमण नियन्त्रण उपायहरू अपनाउदै आफ्नो दैनिक जिविकामा फर्कनुहोस्। यो पर्चा आबस्यक नभएकोले फाल्न सक्नुहुन्छ।

## संक्रमित भएमा

तपाईहरुमा निम्न ४ सर्तहरू मध्ये एउटा मात्र पनि लागु हुन्छ कि हुदैन भन्ने कुरामा निर्भर गर्दछ।

(१) ६५ वर्ष वा सो भन्दा बढी उमेरका(जाच गरेको दिन अनुसार)
(२) अस्पताल भर्ना गर्न आवश्यक छ भनी डाक्टरले निर्णय गरेमा
(३) अवस्था बिग्रने जोखिम, साथै, नयाँ कोरोना उपचार औषधि पनि लिनु आवश्यक छ वा संक्रमणको कारण अक्सिजन लिन आवश्यक छ भनि डाक्टरले निर्णय गरेमा
(४) गर्भवती भएमा

## प्रिफेक्चर बाहिरबाट सम्पर्क

आफ्नो स्थानीय सरकार वा सार्वजनिक स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नुहोस्। यो पर्चा आबस्यक नभएकोले फाल्न सक्नुहुन्छ।

## (१) देखि (४) को कुनै एक **लागू हुन्छ।**
(चिकित्सा संस्थाले घटनाको सूचना दर्ता गर्दछ)

### ■ चिकित्सा संस्था द्वारा रिपोर्ट गरिएको (आफैले रिपोर्ट गर्न आवश्यक छैन)

जाँच गर्ने चिकित्सा संस्थाले, सबैको कोभिड-१९ संक्रमण सार्वजनिक स्वास्थ्य केन्द्रमा रिपोर्ट गर्नेछ, सबैजनाले आफैले रिपोर्ट गर्नु आबस्यक छैन। पल्स अक्सिमिटर (रक्त अक्सिजन संतृप्ति मापन उपकरण) बिना आवेदन डेलिभर गरिनेछ।

### ■ HER-SYS आईडी जस्ता विभिन्न सूचनाहरू पठाउने छ।

सबैजनाको मोबाइलमा SMS या फोन मार्फत सूचित गर्नेछौं।
・सबैजनाको सम्बन्धित स्वास्थ्य अनुगमन एजेन्सी र सम्पर्क नम्बर (टेलिफोन नम्बर)
・होम केयर अवधि
・ HER-SYS ID (MY HER-SYS मा दर्ता गर्न आवश्यक नम्बर हो)
・आवास चिकित्सा उपचार सुविधा जस्ता आवेदन गर्ने तरिका

### ■ दर्ता पछि, सार्वजनिक स्वास्थ्य केन्द्र आदिले तपाईको स्वास्थ्यको निगरानी गर्नेछ।

My HER-SYS मा पहिलो पटक दर्ता गरि आफ्नो तापक्रम रेकर्ड गर्नुहोस्। सार्वजनिक स्वास्थ्य केन्द्रहरूले तपाईको स्वास्थ्य अवस्थाको जानकारी लिदै फोन इत्यादि मार्फत तपाईको स्वास्थ्यको निगरानी गर्नेछन्।

### ■सार्वजनिक स्वास्थ्य केन्द्र इत्यादिले निर्धारण गरेको चिकित्सा उपचार अवधि समाप्त नभएसम्म घरमा नै उपचार गर्नुहोस।

उपचारको शुरुवातमा सूचित गरिएको उपचार अवधिको अन्त्य नजिकै आए पनि, ज्वरो वा कडा खोकी भएमा सार्वजनिक स्वास्थ्य केन्द्र जस्ता स्वास्थ्य अनुगमन संस्थाको निर्णयले चिकित्सा उपचारको समय बढाउन सकिने छ।

## (१) देखि (४) को कुनै पनि **लागू हुदैन**
(चिकित्सा संस्थाले घटनाको सूचना दर्ता गर्दैन)

### ■ आफैले संक्रमित व्यक्तिको रूपमा दर्ता गर्नुहोस्

साइतामा प्रिफेक्चर कोभिड- १९ संक्रमण रेजिष्ट्रेसन डेस्कमा, आफैले दर्ता गर्नुहोस् (सतहि सन्दर्भ)। दर्ता गर्दा, निम्न आवेदन दिन सकिनेछ।
・पल्स अक्सिमिटर (रक्त अक्सिजन संतृप्ति मापन उपकरण)
・आवास चिकित्सा उपचार सुविधाको उपयोग

### ■ सपोर्ट सेन्टर बाट सिधै फोनहरु आउन सक्नेछन

दर्ता गरिसकेपछि, तपाईहरुको मोबाइलमा मेल वा SMS मार्फत सूचित गर्नेछौ।
・ आफ्नो सम्बन्धित होम केयर सपोर्ट सेन्टरको सम्पर्क नम्बर
・HER-SYS ID (MY HER-SYS मा दर्ता गर्न आवश्यक नम्बर हो)

### ■ दर्ता पछि आफैले पनि आफ्नो स्वास्थ्यको निरीक्षण

My HER-SYS मा पहिलो पटक दर्ता गर्नुहोस। त्यसपछि आफ्नो तापक्रमहरु रेकर्ड गरि, आफैले पनि आफ्नो स्वास्थ्यको निरीक्षण। अस्वस्थ महसुस गर्नुभयो भने, होम केयर सपोर्ट सेन्टरमा फोन गर्नुहोस्।

### ■निर्धारण गरिएको अवधि सम्म घरमा नै उपचार गर्नुहोस।

होम केयर अवधिमा तलको [होम केयर अवधि] उल्लेख गर्नुहोस। चिकित्सा उपचारको अन्त्यको बारेमा सूचित गरिने छैन। नोट गर्नुहोस् कि, दर्तागर्न आबस्यक नभएका व्यक्तिहरुलाई, चिकित्सा प्रमाणपत्र जारी गरिने छैन।

## MY HER-SYS को प्रयोग बिधी

संक्रमित व्यक्तिको जानकारी स्व-दर्ता गर्ने एक प्रणाली हो।https://www.cov19.mhlw.go.jp/

MY HER-SYS को प्रयोग बिधी
https://www.pref.saitama.lg.jp/a0710/covid-19/observe.html

स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय विशेष डायल (९:३० -१८:१५ , शनिबार र बिदा बाहेक)
03-5877-4805

## लक्षणहरू सुरु भएको ७ दिनसम्म बिरामीहरूलाई घरमै उपचार

लक्षण देखा परेको ७ दिन पछि र लक्षणहरु कम भएको २४ घण्टा सम्म घरमै बस्नुहोस्। ८औं दिन देखि बाहिर जान सक्नुहुन्छ। लक्षणहरू बाकी रहेको, अस्पतालमा भर्ना गरिएको या वृद्ध हेरचाह सुविधाहरूमा बस्नेहरूको उपचार अवधि लामो हुन सक्छ।

चिकित्सा उपचार अवधिमा पनि, लक्षणहरु कम भएको २४ घण्टा बितिसकेको छ भने, किराना किनमेल जस्ता अत्यावश्यक कामका लागि बाहिर जान सक्नुहुनेछ। अन्य जानकारीका लागि वेबसाइट हेर्नुहोस्।
https://www.pref.saitama.lg.jp/a0710/covid-19/jitaku/home.html

［埼玉県 コロナ自宅療養］ द्वारा खोज्नुहोस्